# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना

नेपाली महिलाको महान् पर्व हरितालिका तिज २०८१ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदी बहिनीहरूमा पारिवारिक सुख, शान्ति र समृद्धिका लागि हार्दिक-मंगलमय शुभकामना व्यक्त गर्दछु ।

हरितालिका तिजलाई नेपाली महिलाले एक सनातन सांस्कृतिक पर्वको रूपमा मनाउँदै आएका छन् । भाद्र शुक्लपक्ष तृतीया तिथीका दिन पर्ने यस पर्वको अवसरमा सम्पूर्ण दीदी/बहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दछु । यस्ता सांस्कृतिक पर्वहरूले सबै नेपालीहरूको बिचमा विविधतामा एकता, धार्मिक सहिष्णुता तथा सामाजिक सद्भाव कायम गर्न सहयोग पु-याइरहेका छन् । हरितालिका तिजको मौलिकतालाई कायम राख्दै यसको सांस्कृतिक महत्वको जगेर्ना गर्न यो पर्व मनाउने सन्दर्भमा देखिने गरेको भड्किलोपन र खर्चिलोपनलाई हटाउँदै जानु आवश्यक छ ।

अन्तमा, हरितालिका तिजले सम्पूर्ण नेपाली महिलाहरूलाई समाजमा विद्यमान लैंगिक विभेद, जातीय विभेदलगायत सबै प्रकारका असमानताहरूको अन्त्य गर्दै समतामूलक प्रगतिशील समाजको निर्माणतर्फ अग्रसर हुन उत्प्रेरित गर्न सकोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।
धन्यवाद

२०८१ साल भदौ २१ गते शुक्रबार

दीपक प्रसाद देवकोटा
प्रदेश प्रमुख